लुम्बिनी प्रदेश सरकार
# वन तथा वातावरण मन्त्रालय
राप्ति उपत्यका(देउखुरी),दाङ

(प्रमोद भट्टराई)
प्रदेश सचिव

## विषयः- उत्कृष्ट वनकर्मी (Best Forester Award)
## र
## गौतमबुद्ध वृक्ष संरक्षण प्रबल पुरस्कारका लागि मनोनयन सम्वन्धमा।

प्रथक पटक प्रकाशित मितिः२०८२।०३।०२

लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपालको बार्षिक कार्यक्रम ***सम्मान पुरस्कार तथा उत्प्रेणामूलक कार्यक्रम*** अन्तर्गत रहेको प्रदेशमा कार्यरत यस मन्त्रालय मातहतका कर्मचारीहरु मध्ये कम्तिमा ३(तीन) जनालाई उत्कृष्ट वन कर्मी पुरस्कार (**Best Forester Award**) र लुम्बिनी प्रदेशमा वन संरक्षण, व्यवस्थापन एवं विकासमा उत्कृष्ट काम गर्ने (सामुदायिक, निजी, कवुलियती, साझेदारी, धार्मिक) वन, स्वतन्त्र संरक्षण कर्मी, व्यक्ति, सुरक्षा निकाय मध्ये उत्कृष्ट ३(तीन) संस्था वा व्यक्तिलाई **गौतमबुद्ध वृक्ष संरक्षण प्रबल पुरस्कार** उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ। **उत्कृष्ट वन कर्मी पुरस्कार (Best Forester Award) र गौतमबुद्ध वृक्ष संरक्षण प्रबल** पुरस्कारको लागि तपसिलका सुचक र आधारमा कर्मचारी, व्यक्ति तथा संस्थाले मनोनयनका लागि मिति २०८२।०३।०८ गते भित्र प्रदेश वन निर्देशनालय, वन अनुसन्धन तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय, भू-तथा जलाधार व्यवस्थापन कार्यालयमा आवेदन दिनु हुन।साथै प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय, भू-तथा जलाधार व्यवस्थापन कार्यालयमा आवेदन परेका वा आफुलाई उत्कृष्ट लागेका कर्मचारी, व्यक्ति तथा संस्था मध्ये १/१ (प्रत्येक Category मा) जना सिफारिस गरी मिति २०८२/०३/१० भित्र यस मन्त्रालयमा पठाउँन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

पुनश्चः उपरोक्त कार्यालयबाट सिफारिस भई आएका उम्मेदद्वार मध्येबाट मन्त्रालयमा रहेको सम्मान पुरस्कार तथा उत्प्रेरणामूलक कार्यक्रम मुल्याङ्कन तथा कार्यान्वयन समितिले अन्तिम छनौट गर्नेछ।

<u>तपसिल</u>

### १. पुरस्कार प्रदान गरिने क्षेत्रहरुः-

१.१ उत्कृष्ट वन कर्मी पुरस्कार (पुरस्कार राशी रु १२,५०० प्रति कर्मचारी)

i. अधिकृत स्तर (अधिकृतस्तर छैठौं देखि दशौं सम्म)- १ जना

ii. सहायक चौथो र पाचौ स्तरिय (रेञ्जर,फरेष्टर,भुसंरक्षण सहायक समेत)- १ जना

iii. वन रक्षक/ सशस्त्र वन रक्षक/हलुका सवारी चालक/कार्यालय सहयोगी लगायत- १ जना

१.२ गौतमबुद्ध वृक्ष संरक्षण प्रवल पुरस्कार (पुरस्कार राशी रु ६०,००० प्रति व्यक्ति/संस्था)

iv. सहभागितामुलक वन पद्धति (सामुदायिक, साझेदारी, कवुलियती, धार्मिक)- १ संस्था

v. स्वतन्त्र संरक्षणकर्मी, व्यक्ति, संस्था(निजी वन समेत), सञ्चारकर्मी- १ जना/संस्था

vi. वन तथा वातावरण मन्त्रालय बाहेक अन्य सरकारी निकाय कार्यालयमा कार्यरत निजामति कर्मचारी, जनप्रतिनिधी, सुरक्षा निकाय, शिक्षक लगायत- १ कर्मचारी

लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

राप्ति उपत्यका(देउखुरी),दाङ

(प्रमोद भट्टराई)
प्रदेश सचिव

विषयः- उत्कृष्ट वनकर्मी (Best Forester Award)

र

गौतमबुद्ध वृक्ष संरक्षण प्रबल पुरस्कारका लागि मनोनयन सम्वन्धमा।

प्रथक पटक प्रकाशित मितिः२०८२।०३।०२

२. छनौट सम्बन्धी सुचक र आधारहरु

२.१ उत्कृष्ट वन कर्मचारी पुरस्कार (अधिकृत स्तर/रेञ्जर/फरेष्टर/व.र.)

- लक्ष्य तोकिएको कार्य
- लक्ष्य नतोकिएका कार्य
- आफ्नै पहलमा गरेका सकारात्मक कार्य
- वन, भु-संरक्षण, वन्यजन्तु संरक्षण, अपराध अनुसन्धान तथा मुद्धा तहकिकातमा गरेको योगदान
- अनुशासन तथा कर्तव्यपालन
- साहासिक कार्यसम्पादन तथा कार्यईच्छुकता

२.२ गौतमबुद्ध वृक्ष संरक्षण प्रवल पुरस्कार

क)(सामुदायिक, साझेदारी, धार्मिक, कबुलियती वन)

- कार्ययोजना अनुसार वन सम्बर्द्धन, व्यवस्थापन, संरक्षण कार्य गरेको,
- वन ऐनले निर्दष्ट गरेको विधि अनुसार बार्षिक कार्यक्रम तर्जुमा गरि सोही अनुसार कार्यान्वयन गरेको
- सामाजिक समावेशीकरण, महिला सशक्तिकरण र गरिवी न्युनीकरणमा पुर्याएको योगदान
- सुशासन सम्बन्धी (कार्यालय व्यवस्थापन, लेखा परिक्षण, साधारण सभा र समितिको मिटिङ, सुचना पार्टी)
- वन पैदावारको समुचित व्यवस्थापन, प्रदेश सरकारको राजश्वमा योगदान, घाटगद्दी व्यवस्थापन समेत
- जैविक विवधता संरक्षण सम्बन्धी कार्य, मानव वन्यजन्तु द्वन्द व्यवस्थापनमा पुर्याएको योगदान ।
- नविनतम कार्यहरु



https://mail.google.com/mail/u/0/?tab=rm&ogbl#inbox/FMfcgzQbfnzwcFKwGCjMqBZPqkHXrSfp?projector=1&messagePartId=0.1 1/1

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ति उपत्यका(देउखुरी),दाङ

(प्रमोद भट्टराई)
प्रदेश सचिव

विषयः- उत्कृष्ट वनकर्मी (Best Forester Award)
र
गौतमबुद्ध वृक्ष संरक्षण प्रबल पुरस्कारका लागि मनोनयन सम्वन्धमा।

प्रथक पटक प्रकाशित मितिः२०८२।०३।०२

**ख)स्वतन्त्र संरक्षण कर्मी, व्यक्ति, सञ्चारकर्मी**

- वन, वन्यजन्तु, जैविक विविधता संरक्षण, भुसंरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा वातावरण व्यवस्थापनमा आफ्नै पहलमा पुर्याएको योगदान
- सामाजिक उत्प्रेरणा, वन तथा वातावरण व्यवस्थापन सम्बन्धी सकारात्मक सन्देश तथा जनचेतना तथा सामाजिक सहभागिता गर्न पुर्याएको योगदान
- वन्यजन्तु उद्धार, मानव वन्यजन्तु द्वन्द व्यवस्थापन, वन अतिक्रमण नियन्त्रण तथा विपद व्यवस्थापनमा सहजता गर्न खेलेको भुमिका
- आफ्नै पहलमा वन तथा वातावरण सम्बन्धी गरेका उत्कृष्ट वा नविनतम कार्य (उद्यम,वृक्षारोपण, सार्वजनिक स्थल सरसफाई, सिमसार व्यवस्थापन लगायत)
- वन तथा वातावरण सम्वन्धी निति वहस, पैरवी तथा अनुसन्धानात्मक लेख रचना समेत

**ग) वन बाहेक अन्य निकाय कार्यालयमा कार्यरत निजामति कर्मचारी, जनप्रतिनिधी, सुरक्षा निकाय वा शिक्षक समेत**

- वन डढेलो, वन अतिक्रमण, विपद व्यवस्थापन तथा वन तथा वन्यजन्तु अपराध नियन्त्रणमा पुर्याएको योगदान
- वन, वातावरण तथा भु-संरक्षण, वन व्यवस्थापन, वन्यजन्तु उद्धार, मानव वन्यजन्तु द्वन्द व्यवस्थापनमा निवार्ह गरेको सकारात्मक भुमिका।
- वन तथा वातावरण सम्बन्धी कृयाकलापहरुमा सक्रियता, सहभागिता, प्रचारप्रसार र सहजिकरण समेत ।